Bouddhik Abhiyan: A Multidisciplinary Peer-reviewed Journal
Vol.VIII, Issue 1: PP 28-43, 2023, July
ISSN: 25050915 (Print)
DOI: https://doi.org/10.3126/bdkan.v8i01.57783
Nepal Progressive Professors' Association, Koshi Province, Nepal

# वासु शशीको नाट्यकारिता

गोपीकृष्ण खतिवडा, पिएच.डी.[1*]

[1]*उपप्राध्यापक (नेपाली), त्रि.वि., मेची बहुमुखी क्याम्पस, झापा*

[*]*इमेल :* khatiwadagopi1975@gmail.com

**लेखसार**

*प्रस्तुत लेख आधुनिक नेपाली नाटक परम्पराका विशिष्ट प्रतिभा वासु शशी (१९९३ – २०४९) सँग सम्बन्धित छ । विधागत लेखनका दृष्टिले शशी मूलतः कविता र नाट्य विधामा बढी सक्रिय देखा पर्दछन् । वासु शशी २००७/२००८ सालदेखि नेवारी नाट्यक्षेत्रमा प्रवेश गरे पनि २०२३ सालपछि नेपाली नाट्यविधातर्फ आकर्षित भएको प्रमाण तीन नाटक (नाटक सङ्ग्रह २०२४) बाट पाइन्छ । बाँसुरीमा नअटाएका धुनहरू (२०४२), उपहार (२०५१), वासु शशीका नाटक (२०५९) र बुद्ध (२०६६) शशीका प्रकाशित मौलिक नेपाली नाटक हुन् । वासु शशीका नाटक (२०५९) नामक नाटक सङ्ग्रहमा माया, ॐ नमः शिवाय, सुखको खोजीमा, बिर्सन नसकिने मान्छे, सच्याउन नसकिने गल्ती, आमा कहिल्यै मर्दिन, उपहार र तरबार नाटक सङ्कलित छन् । शशीका पूर्वार्द्ध चरणका नाटकहरूले मूलतः व्यक्तिविशेषका जीवनीसँग सम्बन्धित व्यक्तिगत एवम् पारिवारिक घटनालाई प्रस्तुत गरेका छन् भने उत्तरार्द्धका नाटकहरूमा सामाजिक समस्याले प्रधानता पाएका छन् । प्रस्तुत अध्ययनवासु शशीको नाट्यकारिता शीर्षकमा तयार गरिएको छ । यस लेखमा वासु शशीको नाट्यकारिता केकस्तो छ भन्ने समस्यालाई लिइएको छ । यसअनुसार ती समस्याको समाधान गर्नुलाई यस लेखको उद्देश्य बनाइएको छ । यसका लागि प्राथमिक स्रोतअन्तर्गत शशीका नाटकहरूलाई गुणात्मक सोद्देश्य नमुना छनोट विधिमा लिई विश्लेषणका लागि सूक्ष्म पठन र समालोचनात्मक विधिको प्रयोग गरिएको छ । अन्तमा शशीलाई रिमाल र मल्लद्वयका समस्यामूलकता, मनोविज्ञान, यथार्थवादी प्रवृत्ति र संवादकलाबाट प्रभावित भएर पनि चलचित्रोन्मुख नाट्यकारिता उनको मौलिकता भएको निष्कर्ष निकालिएको छ ।*

*मुख्य शब्द :* सामाजिक यथार्थवादी, समस्यामूलक, मनोविश्लेषणात्मक, प्रविधिमैत्री, करुण रस

**परिचय**

नेपाली साहित्यका नाटक विधामा सफलताका साथ कलम चलाएका शशी सामाजिक समस्यामूलक यथार्थवादी नाट्यधारालाई अवलम्बन गरी नाट्यरचना गर्ने स्रष्टा मानिन्छन् । शशीले सामाजिक र पौराणिक स्रोतका विषयवस्तुको उपयोग गरी संयोगान्त र वियोगान्त दुवै प्रकृतिका नाटक लेखेका छन् । सामान्यतः वियोगान्त प्रकृतिका नाटकलाई स्वीकृति प्रदान नगर्ने पूर्वीय नाट्यमान्यता र वियोगान्त नाटकका सिर्जनामा नै नाटककारले उत्कृष्टता प्राप्त गर्ने पाश्चात्य नाट्यमान्यता यी दुवैलाई सन्तुलित रूपमा उपयोग गर्दै शशीले नाटक रचना गरेको देखिन्छ ।

शशीले आफ्ना नाटकमा पूर्वीय दर्शन चिन्तनलाई निकै महत्त्व दिएर प्रस्तुत गरेको पाइन्छ । यस सन्दर्भमा उपाध्याय (२०६१) ले प्रस्तुत गरेअनुसार शशी दार्शनिक प्रकृतिका गम्भीर नाटककार हुन् र आफ्ना नाटकमा पूर्वीय दर्शनका साथै पाश्चात्य अस्तित्ववादी तथा विसङ्गतिवादी चिन्तनको पनि प्रयोग गरेका छन् । उनका नाटक समकालीन सामाजिक जीवनमा आधारित छन् र तिनमा सार्वभौम एवम् चिरन्तन अनुभूति र दर्शन प्रस्तुत छन् । शशीलाई नाटकका स्थापत्यका संरचनामा महत्त्वपूर्ण योगदान दिने स्रष्टाका रूपमा चिन्ने गरिएको पाइन्छ । नेपाली नाटकका विकासक्रममा गोविन्दबहादुर मल्ल (गोठाले), विजय मल्ल, हृदयराज शर्मा, फणीन्द्रराज खेतालाका लगत्तै नाटककार वासु शशीको स्थान सुरक्षित रहेको छ । उनले मूलतः नाट्यवस्तु र कलापक्षमा आफ्नो मौलिक वैशिष्ट्यका स्थापनाद्वारा नाट्यकृतिको रचना गरेको देखिन्छ ।  यस लेखमा शशीका मौलिक नाटकहरूकाआधारमा उनका नाट्कारिताको संश्लेषणात्मक विश्लेषण गरिएको छ ।

***समस्या र उद्देश्य***

खास गरेर शशीपूर्वका नेपाली नाटक परम्परामा कालिदासीय शैली, सेक्सपियरेली शैली, फारसी शैली र पश्चिममा प्रचलित आधुनिक यथार्थवादी समस्यामूलक शैलीका साथै मनोविश्लेषणात्मक शैलीको प्रभाव परेको पाइन्छ । शशीले उल्लिखित शैलीहरूमध्ये यथार्थवादी र मनोविश्लेषणवादी नाट्यपद्धतिको उपयोग गर्दै निजी नाट्य वैशिष्ट्यसहित सामाजिक एवम् पौराणिक नाटकको रचना गरेको देखिन्छ ।

यसरी नेपाली नाट्य परम्परामा उल्लेख्य उपस्थिति जनाउने वासु शशीको योगदान विशेष प्राप्तिपूर्ण मानिन्छ, यद्यपि आधुनिक नाट्यतत्त्वका आधारमा वासु शशीका नाटकीय योगदानको

व्यवस्थित अध्ययन भएको पाइँदैन । यस लेखमा वासु शशीका मौलिक नाटकहरूमा के कस्तो नाट्यप्रवृत्ति पाइन्छ भन्ने समस्यालाई लिएर अध्ययन गरिएको छ । यसअनुसार वासु शशीका नाट्यकारिताको अनुशीलन गर्नुलाई उद्देश्य बनाइएको छ ।

***पूर्वकार्यको समीक्षा***

वासु शशीका नाट्यकारिताका सम्बन्धमा विस्तारमा अपेक्षित गहन अध्ययन भएको पाइँदैन । उपलब्ध केही प्रतिनिधिमूलक अध्ययन निम्नलिखित छन् :

श्रेष्ठ र शर्मा (२०४९) द्वारा वासु शशीलाई आधुनिक नेपाली नाटकका तेस्रा चरणका महत्त्वपूर्ण नाटककारका रूपमा चिनाइएको छ । शशीले गोविन्दबहादुर मल्ल गोठाले, विजय मल्ल प्रभृति नाटककारहरूद्वारा प्रवर्तित मनोविश्लेषणवादी धाराअन्तर्गत नाट्य सिर्जना गरेका र समस्यामूलकतालाई महत्त्व दिई प्रस्तुतीकरण तथा कथ्यमा नौलोपन दिन सकेको सन्दर्भ श्रेष्ठ र शर्माले उल्लेख गरेका छन् (२०४९, पृ. १४९-१५०) ।

पौडेल (२०५१, वैशाख १) ले *गरिमा* पत्रिकामा 'समीक्षात्मक दृष्टिमा वासु शशीको नाटक उपहार' शीर्षक लेखमा नेपाली साहित्यका कविता र नाटक विधाका उन्नयनमा वासु शशीको गहकिलो योगदान रहेको उल्लेख गरेका छन् । बालकृष्ण समको बौद्धिक प्रबुद्ध लेखनबाट फस्टाएको नेपाली नाटक वासु शशीसम्म आइपुग्दा धेरै गहकिला नाटकहरूको स्पर्शले सजिएर र नौलिएर आधुनिक मञ्चमा अभिनीत हुन आइपुगेको सन्दर्भ पौडेलले उल्लेख गरेका छन् । विश्वनाट्य साहित्यमा प्रयुक्त नवीन नाट्यप्रयोगबाट प्रभावित भई नाटक लेख्ने र आधुनिक नेपाली नाटकलाई प्रविधिमा पुऱ्याउने नाटककारमध्ये वासु शशीको नाम पनि सूचीकृत हुन पुगेको दृष्टिकोण पौडेलको छ । यस लेखमा पठ्य नाटकभन्दा मञ्चनयोग्य नाटक रचना गर्ने, त्रयान्वितिका साथै दर्शकका समयका सीमालाई ख्याल गरेर नाट्यसिर्जना गर्ने तथा वस्तुको बहुलता र रोचकताभन्दा मानवीय चरित्राङ्कनलाई महत्त्व दिएर नाट्यरचना गर्ने नाटककारका रूपमा वासु शशीलाई चिनाइएको पाइन्छ (पृ. ३०७) ।

भण्डारी (२०५१) ले *उपहार* नाटकका भूमिका खण्डमा 'उपहार' नाटकका सम्बन्धमा शीर्षक दिएर वासु शशीको नाटककार व्यक्तित्वका बारेमा सङ्क्षेपमा प्रकाश पारेका छन् । शशीले २००७/०८ सालतिर काठमाडौंमा देखाइने गरेको *दबू प्याँख* (डबलीमा देखाइने नेवारी नाटक) बाट र विशेषतः सेक्सपियर जस्ता महान् नाटककारबाट प्रेरित भई सुरुमा नेवारी नाटक लेख्न थालेको कुरा यस लेखबाट थाहा पाइन्छ । नेवारी नाटकको लेखन र सफल मञ्चनपछि त्यसबाट उत्साहित भई शशीले नेपाली

नाटकको लेखन पनि आरम्भ गरेको चर्चा यस लेखमा गरिएको छ । शशीले नाट्यरचना गर्दा आफू र छरछिमेकका साथै परिवार र साथीभाइहरूलाई समेत पात्र बनाउने गरेको सन्दर्भ भण्डारीले सङ्केत गरेका छन् । यस लेखमा शशीका नाटकहरू सरल, सहज र यथार्थमूलक हुने गरेको तथा नाटकीय संवादहरूमा पनि कवितात्मकता एवम् प्रतीकात्मकता पाइने हुँदा उनको उपहारनाटक सशक्त र प्रभावकारी भएको उल्लेख गरिएको छ (पृ. भूमिका) ।

उपाध्याय (२०६१) ले विजय मल्लका यथार्थवादी मनोविश्लेषणवादी नाट्यधारालाई विकसित पार्ने नाटककारका रूपमा शशीलाई चिनाएको पाइन्छ । उपाध्यायले उनलाई दार्शनिक प्रवृत्तिका गम्भीर नाटककारका रूपमा चिनाएका छन् र उनका नाटकमा पूर्वीय दर्शनका साथै पाश्चात्य अस्तित्ववादी विसङ्गतिवादी चिन्तनको प्रयोग पाइने कुरा उल्लेख गरेका छन् । शशीका नाटक समकालीन, सामाजिक जीवनमा आधारित रहेका र सार्वभौम एवम् चिरन्तन अनुभूति र दर्शनको प्रयोगका दृष्टिले महत्त्वपूर्ण मानिने टिप्पणी उपाध्यायको छ (पृ. २७) ।

भण्डारी (२०६१)ले *वासु शशीका नाटक* पुस्तकका भूमिका खण्डअन्तर्गत प्रकाशकीय लेखमा शशीलाई नाट्य क्षेत्रका सशक्त स्रष्टाका रूपमा चिनाइएको पाइन्छ । शशीले कविता जगत्मा जस्तै नाट्य क्षेत्रमा पनि अहम् योगदान दिएको कुरा यहाँ उल्लेख गरिएको छ । समस्यामूलकतासँगै प्रस्तुतीकरण र कथ्यमा नौलोपन दिने तथा मनोवैज्ञानिकता, यथार्थवादी सोच, विचार स्वातन्त्र्य र फराकिलो जीवन दृष्टिका साथ नाटक रचना गर्ने स्रष्टाका रूपमा वासु शशीको परिचय दिइएको छ । मानव जीवनका भोगाइलाई नाटकका माध्यमबाट व्यक्त गर्न खप्पिस शशीका नाटकहरू जीवन र कलाका शाश्वत मूल्यबोध गराउन सक्षम रहेको टिप्पणी यहाँ गरिएको छ (जोशी, २०६१, पृ. प्रकाशकीय) ।

वासु शशीद्वारा लिखित *बुद्ध* (२०६६) सिने नाटकका भूमिका खण्डअन्तर्गतको प्रकाशकीयमा प्रद्युम्न जोशीले साहित्यकार वासु शशीलाई नेपाली र नेपाल भाषाका विशिष्ट स्रष्टाका रूपमा चिनाएका छन् । शशी सशक्त कवि, नाटककार र अनुवादक मात्र नभएर कुशल नाट्यकर्मी पनि भएको कुरा बुद्ध नाटकबाट प्रमाणित हुने विचार प्रद्युम्न जोशीको छ । जोशीले शशीको बुद्ध नाटकले महामानव बुद्धको जीवन कथालाई विभिन्न दृष्टिकोणबाट प्रस्तुत गरेको र रङ्गमञ्चीय चरित्रको प्रकाश गर्नुका साथै सिनेमाको रसास्वादन दिनेमा पनि आफू विश्वस्त रहेको बताएका छन् (पृ. प्रकाशकीय) ।

उपाध्याय (२०६८) ले वासु शशी २००७/०८ सालदेखि कविताका साथै नाटक लेखनमा प्रवृत्त रहेको उल्लेख गरेका छन् । सुरुमा नेपाल भाषामा नाटक लेख्न थालेका शशी रङ्गमञ्चमा स्थापित भइसकेपछि २०२४ सालमा *तीन नाटक* नामको नाटक सङ्ग्रह प्रकाशित गरेर नेपाली नाट्य क्षेत्रमा देखापरेका हुन् भन्ने धारणा प्रस्तुत गरेको पाइन्छ । उपाध्यायका अनुसार शशीले सुरुमा मञ्चीय नाटक, त्यसपछि रेडियो नाटक र नेपाल टेलिभिजनको स्थापनापश्चात् टेलिनाटक लेख्न थालेको बुझिन्छ । उपाध्यायले वासु शशीका नाटक नामक पुस्तकभित्र सङ्कलित नाटकहरूको समीक्षा गरेका छन् । यस पुस्तकभित्र सङ्कलित नाटकहरूमध्ये तरवार नाटकको विश्लेषण क्रममा उपाध्यायले यस नाटकले ज्यानको बदला ज्यान लिने आदिम युगदेखिको परम्परा उल्ट्याउन र मानिसलाई जङ्गली युगबाट आधुनिक सभ्यताको युगमा ल्याउन प्रेरित गरेकाले यस नाटकलाई अनुपम नाटक भनेका छन् । उपाध्यायले शशीका नाटकहरूलाई गम्भीर, दार्शनिकताले भरिएका, सुन्दर, सुगठित र कवितात्मक रहेको निष्कर्ष निकालेका छन् । शशीका नाटकहरू नाटकीयताले भरिपूर्ण, रोचक, रोमाञ्चक, सन्देशमूलक र शिक्षाप्रद रहेको उपाध्यायको धारणा छ (पृ. ७) ।

भण्डारी (२०६८) ले २००८ सालदेखि कवितासँगसँगै वासु शशीले नेवारीमा *मिसा, लाखा* ( अप्रकाशित), २०१२ सालतिर *ताचा प्वायँ* नाटक लेखेको तथा २०२२/२३ सालमा नेपालीमा तीन नाटक प्रकाशित गरेपछि उनको कवि व्यक्तित्व र नाटककार व्यक्तित्व प्रतिष्ठापित भएको ठहर गरेका छन् (पृ. ९) । भण्डारीका विचारमा एउटा किसान परिवारको आर्थिक, मानसिक र पारिवारिक विघटनको मार्मिक र काव्यात्मक चित्रण भएको बाँसुरीमा नअटाएका धुनहरू ज्यादै सशक्त र चर्चित नाटक भएकाले शशीको नाटककार व्यक्तित्व अझ उठेको थियो (पृ. ११) ।

रिजाल (२०६८) का उल्लेखअनुसार रिमालधारापछि देखिएका अभियान, आन्दोलन, प्रयोगहरूको प्रभावलाई आत्मसात् गरी आफ्नो सरल, ज्ञेय र यथार्थवादी लेखनलाई परिमार्जित गर्दै पाठकसितको सामीप्य र सम्प्रेषणकै कारण लोकप्रिय भएका कविहरूमध्ये वासु शशीको नाम अग्र पङ्क्तिमा आउँछ ( पृ. मेरो मन्तव्य) ।

न्यौपाने (२०७०) ले वासु शशीलाई नेपाली नाटकका तेस्रा चरणका उल्लेख्य नाटककारका रूपमा चिनाएका छन् । न्यौपानेले शशी दार्शनिक प्रवृत्तिका नाटककार हुन् र उनले विजय मल्लका यथार्थवादी, मनोविश्लेषणवादी धाराका विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा उल्लेख गरेका छन् । न्यौपानेका विचारमा शशीका नाटकहरू सामाजिक जीवनमा आधारित रहेका र तिनमा सार्वभौम

चिन्तन, अनुभूति र दर्शनको प्रस्तुति पाइन्छ । न्यौपानेले शशीलाई व्यङ्ग्य नाटककारका रूपमा समेत चिनाएका छन् (पृ. ३८) ।

**विधि र सामग्री**

यस लेखमा सामग्री सङ्कलनका लागि प्राथमिक स्रोतअन्तर्गत गुणात्मक विधिमा सोद्देश्य नमुना छनोट गरिएको छ । यसका लागि प्राथमिक स्रोतबाट शशीका मौलिक नाटकहरू र तिनको रचनाविधान तथा विश्लेषणका लागि द्वितीयक स्रोतअन्तर्गत सूक्ष्म पठन विधि तथा नाट्य समालोचनामा ऐतिहासिक विधिमा नाटककारको स्थाननिर्धारण र नाट्यकारिताका अध्ययनका लागि समालोचनाका सामान्य सिद्धान्तको उपयोग गरिएको छ ।

**परिणाम र छलफल**

***नेपाली नाटकका विकासक्रममा वासु शशीको स्थान***

वि.सं. २००८ सालदेखि २०४९ का बीचको अवधि नै वासु शशी नाट्य सिर्जनामा समर्पित रहेको ४१ वर्षे अवधि हो । समग्र अवधिबाट शशीको ३३ वर्षे नाट्यसाधना निर्मित देखिन्छ। धारागत दृष्टिले सामाजिक यथार्थवाद र मनोविश्लेषणवादसँग शशीको नाट्य साधनाको समय गाँसिएको छ । *तीन नाटक (२०२४), बाँसुरीमा नअटाएका धुनहरू (२०४२), उपहार (२०५१), वासु शशीका नाटक (२०५९), बुद्ध (२०६६) साँचोको झुप्पा (२०६९)* लगायतका शशीका नाट्यकृतिहरूमा प्रयुक्त विषयवस्तु र शैलीशिल्पलाई आधार मानेर हेर्दा शशीको नाट्यप्रवृत्तिगत साइनो सम्बन्ध गोपालप्रसाद रिमालको सामाजिक यथार्थवाद र विजय मल्लको मनोविश्लेषणात्मक यथार्थवादसँग जोडिएको देखिन्छ । नाट्यवस्तुको चयनका सन्दर्भमा शशी गोपालप्रसाद रिमालद्वारा प्रयुक्त सामाजिक यथार्थबाट प्रभावित भई उनका उत्तराधिकारीका रूपमा स्थापित देखिन्छन् । तीन नाटकमा सङ्गृहीत *इरा, अपमानित आत्मा र संरक्षण* तथा *बाँसुरीमा नअटाएका धुनहरू* र *उपहार* नाटकमा प्रस्तुत नाट्यवस्तुमा सामाजिक यथार्थको आधिक्य पाइन्छ । तुलनात्मक रूपमा *बाँसुरीमा नअटाएका धुनहरू*मा सामाजिक मूलतः समस्यामूलक पारिवारिक यथार्थको चित्रण पाइन्छ । लोग्नेस्वास्नी, दाजुभाइ, जेठानीदेउरानी, सासूबुहारी तथा बाबुआमा र सन्तानका बिचका पारिवारिक वा नातागत सम्बन्धमा देखिँदै आएका समस्याको अभिव्यक्तिमा शशीका उक्त नाटकहरू केन्द्रित छन् । यसर्थ नाट्यवस्तुको चयनका दृष्टिले वासु शशीको स्थान रिमालप्रयुक्त समस्यामूलक सामाजिक यथार्थवादअन्तर्गत निर्धारित हुन पुगेको देखिन्छ ।

### *वासु शशीको नाट्यकारिता*

वासु शशीले आफ्नो नाट्ययात्राको थालनी वि.सं.२००७-००८ सालतिर नेपाल भाषामा लेखिएको नेवारी नाटक *मिसा*मार्फत गरेको देखिन्छ। यसपछि शशीले सोही समयमा *लाखा* (२००८-००९) नामको अर्को नेवारी नाटक लेखेको जानकारी पाइन्छ यद्यपि यी दुवै कृति हाल उपलब्ध छैनन्। यी दुवै कृतिको रचना काठमाडौंको तत्कालीन समाजमा देखाइने दबू प्याँखका निकट तुल्याएर वा यसकै परम्परा र प्रकृतिअनुकूल बनाएको देखिन्छ। यी दुवै कृति तात्कालिक प्रयोजनका लागि तयार गरिएका र सार्वजनिक प्रदर्शन, मञ्चनपछि पाण्डुलिपिकै रूपमा थन्किएका एवम् हाल पाण्डुलिपिसमेत उपलब्ध नभएका अवस्थामा भएको बुझिन्छ।वासु शशीको सार्वजनिक नाट्ययात्राको आरम्भविन्दु मिसा (२००८) लाई मानिएको छ। यहीँबाट आरम्भ भई उत्तरोत्तर विकसित बन्दै गएको शशीको सार्वजनिक नाट्ययात्राअन्तर्गत निम्नलिखित उपलधिहरू देखिन्छन् :

**क. सामाजिक जीवन, पौराणिक र ऐतिहासिक क्षेत्रबाट नाट्यवस्तुको प्रयोग**ः वासु शशीले मूलतः सामाजिक जीवनका साथै ऐतिहासिक क्षेत्रबाट नाट्यवस्तु लिइएको देखिन्छ। *तीन नाटक* (इरा, *अपमानित आत्मा* र *संरक्षण*, २०२४), *बाँसुरीमा नअटाएका धुनहरू*(२०४२),*उपहार* (२०५१) मा समकालीन नेपाली जीवनका समस्यालाई नाट्यवस्तुका रूपमा प्रयोग गरिएको छ। शशीका प्रविधिमैत्री नाट्यकृतिहरूमध्ये *श्रीकृष्ण दर्शन (२०४४), ॐ नमः शिवाय (२०४८) र बुद्ध* (२०६६) मा पौराणिक तथा ऐतिहासिक विषयवस्तुको उपयोग गरिएको छ भने अन्य सबै नाटकहरूमा सामाजिक विषयसन्दर्भलाई नाट्यवस्तुका रूपमा प्रयोग गरिएको छ।

*इरा* नाटकको विषयवस्तु दाम्पत्य वा पारिवारिक समस्यामा आधारित छ। श्रीमतीका भौतिक आवश्यकतापूर्ण गर्ने उद्देश्यका साथ नवविवाहित श्रीमतीलाई एक्लै छोडेर घरबाहिर बस्दा श्रीमान्ले भोग्नुपरेको पत्नीवियोगको घटना यस नाटकको नाट्यवस्तुगत सन्दर्भ हो। आत्मिक सुखलाई जीवनको साध्य मान्ने श्रीमती र भौतिक सुखमा परिवारको खुसी देख्ने श्रीमान्का वैचारिक धरातलमा यसका नाट्यवस्तुगत सन्दर्भहरू सङ्गठित छन्। यस नाटकमा भौतिक सुखको पक्षधर दर्शनलाई धनको प्रतिनिधिका रूपमा देखाइएको छ भने इरालाई मनको प्रतिनिधिका रूपमा प्रस्तुत गरिएको छ। धनलाई जीवनको साध्य ठानेर जीवन मार्गमा प्रवृत्त हुँदा भोग्नुपर्ने पारिवारिक पीडा र प्रियजनका वियोगबाट दुर्घटित बन्न पुगेको मध्यमवर्गीय परिवारको कथाव्यथा नै यस नाटकको नाट्यवस्तु हो।

*अपमानित आत्मा* पनि सामाजिक-पारिवारिक जीवनमा आधारित देखिन्छ। पारिवारिक सदस्यहरूका बीचमा सद्भाव, सहयोग र सम्मानको भावना नहुँदा उत्पन्न हुने पारिवारिक समस्या र जटिलता एवम् त्यसका असरबाट क्षतविक्षत बन्न पुगेको मध्यमवर्गीय परिवारको मार्मिक दुःखद जीवन कथालाई यस नाटकको विषयवस्तु बनाइएको छ। यसबाट मध्यमवर्गीय परिवारका सम्बन्धगत अन्तर्द्वन्द्व र वैचारिकताको स्पष्ट जानकारी पाइन्छ।

*संरक्षण* अंशतः पारिवारिक समस्यामा आधारित भए पनि मूलतः सामाजिक वा सार्वजनिक महत्त्वका समस्यामा आधारित नाटक हो। यसले समाजमा बढ्दै गएको विकृत र विसङ्गत अवस्थाको सुन्दर चित्र प्रस्तुत गरेको छ। युगीन जनजीवनमा पैसाप्रतिको आसक्ति बढ्दै गएको र यसैको प्राप्तिका लागि समाजमा हत्या, हिंसा, कालोबजारी, बेइमानीजस्ता घातक प्रवृत्तिहरू मौलाउँदै गएका विषयसन्दर्भलाई यस नाटकका नाट्यवस्तुका रूपमा उपयोग गरिएको छ। धनसञ्चयका लागि मान्छे आफ्नो पारिवारिक कर्तव्यबाट विमुख बन्दै गएको युगीन यथार्थ पनि यस नाटकमा चित्रित छ। बाँसुरीमा नअटाएका धुनहरूसामाजिक यथार्थमा आधारित नाटक हो। यसमा सामन्ती अर्थतन्त्रमा बाँचेको सामाजिक पृष्ठभूमिमा धनीद्वारा गरिब किसान कसरी शोषित हुन्छन् भन्ने कुरा देखाइएको छ। शिक्षा र स्वास्थ्यका अभावमा गरिबहरूको जीवन अत्यन्तै कष्टकर हुने गरेको र त्यसमाथि साहुमहाजनहरूका दुष्प्रवृत्तिहरूको सिकार बन्नुपर्दा उनीहरू आफ्नो सर्वस्व गुमाउन बाध्य भएको दारुण अवस्था यस नाटकमा देखाइएको छ। उमेरगत स्वाभाविक मान्यता र चाहना तृप्त हुन नसक्दा नयाँ पुस्तामा अनैतिक र पैसामुखी प्रवृत्ति बढ्दै गएको वस्तुयथार्थलाई पनि यस नाटकमा देखाइएको छ।

*उपहार* पारिवारिक समस्यामा आधारित नाटक हो। यसले लोग्ने र स्वास्नीका बीचमा सद्भाव र सम्मानपूर्ण सम्बन्ध नहुँदा उत्पन्न हुने पारिवारिक जटिलता र त्यसले पार्ने असरलाई नाट्यवस्तु बनाएको देखिन्छ। कविकलाकारको सामाजिक पारिवारिक अवस्थाको मार्मिक दृश्य प्रस्तुत गर्ने यस नाटकमा बालबालिकामा बढ्दै गएको सांस्कृतिक विचलनको पक्षलाई पनि संकेत गरिएको छ।

विषयवस्तुको नाटकीकरणमा शशीले निकै परिश्रम गरेको देखिन्छ। पारिवारिक समस्याको उठान उनका नाट्यवस्तुमा पाइने सर्वाधिक महत्त्वपूर्ण पक्ष हो। सामान्य जस्ता लाग्ने तर पारिवारिक जीवनमा निकै महत्त्व राख्ने विषय सन्दर्भलाई शशीले नाट्यवस्तुका रूपमा उपयोग गरेका छन् र सोही नाट्यवस्तुभित्र युगीन जीवनका सामाजिक सन्दर्भहरूलाई पनि संयोजित गरेका छन्।

यसै गरी शशीले *श्रीकृष्ण दर्शन, ॐ नमः शिवाय, बुद्ध* जस्ता नाटकमा पौराणिक क्षेत्रबाट विषयवस्तु ग्रहण गरी त्यस्ता विषयवस्तुलाई वर्तमन युग र जीवनका अनुकूल बनाएर प्रस्तुत गर्ने प्रवृत्ति अवलम्बन गरेको देखिन्छ । शशीले बुद्ध नाटकमा महामानव बुद्धका कथालाई विभिन्न दृष्टिकोणबाट प्रस्तुत गरेका छन् ।

**ख.मध्यम र निम्न वर्गका पात्रहरूको उपयोग :** वासु शशीले आफ्ना नाटकहरूमा मध्यम र निम्न वर्गका पात्रहरूको उपयोग गरेका छन् । उनका सबैजसो नाटकहरूमा मध्यम र निम्न वर्गका पात्रहरूको प्रयोग पाइन्छ । जहाँ उच्च वर्गका पात्रहरू छन् त्यहाँ पनि दरिद्र मानसिकता पाइन्छ । यी पात्रहरू विविध प्रकृतिका छन् र तिनमा वैचारिक विविधता पनि देखिन्छ । शशीका नाट्यपात्रहरू सज्जन र दुर्जन दुवै स्वभावका छन् । कथानकअनुकूलका पात्रचयनमा शशीका नाटक उत्कृष्ट देखिन्छन् । पात्रगत न्यूनता शशीका नाटकको उल्लेख्य पक्ष हो । पुरुष र स्त्री दुवै लिङ्गका पात्रको उपयोग पाइए पनि पुरुष पात्रको प्रधानता शशीका नाटकमा देखिन्छ । प्रमुख, सहायक र गौण पात्रहरूका सक्रियतामा कथानकलाई गति दिने पात्रको प्रयोग पाइन्छ । उनले गतिशील र गतिहीन दुवै स्वभावका पात्रलाई नाटकीय भूमिका प्रदान गरेका छन् । मञ्चीय पात्रको प्रयोग गर्ने शशीका नाटकमा नेपथ्य पात्रको अभाव देखिन्छ । उनका नाटकमा बद्ध र मुक्त दुवै प्रवृत्तिका पात्रको प्रयोग पाइन्छ । शशीका नाट्यपात्रहरूमा सरल र धूर्त, सहनशील र अधीर, न्यायी र अन्यायी, भोगी र त्यागी, दुर्व्यसनी र संयमी दुवै थरी प्रवृत्तिको अधिक्य पाइन्छ । प्रत्येक पात्रको व्यक्तित्व, बोलीवचन र व्यवहारमा देशकाल र वातावरणको प्रभाव पाइन्छ । उनका प्रायः सबै पात्रहरू जटिल मानसिकता र तनावपूर्ण जीवन अवस्थामा बाँचेका देखिन्छन् । आआफ्नै जीवन दर्शनका साथ बाँचेका शशीका अधिकांश पात्रहरू निकै बौद्धिक र दार्शनिक क्षमतायुक्त देखिन्छन् । समाजका अनेक विषयक्षेत्रका पात्रहरूको वर्गीय प्रतिनिधित्वलाई शशीले प्राथमिकताका साथ उपयोग गरेका छन् ।

**ग. अन्त्यका दृष्टिमा नाट्यस्वरूपगत वैविध्य :** शशीका नाटक अन्तका दृष्टिस्वरूपगत दृष्टिले विविध प्रकृतिका देखिन्छन् । पूर्णाङ्की र एकाङ्की आयामका शशीका नाटकहरू अन्त्यका दृष्टिले सुखान्तक र दुःखान्तक दुवै किसिमका पाइन्छन् । प्रतिनिधि नाटकहरूमध्ये *इरा, अपमानित आत्मा, संरक्षण* र *बाँसुरीमा नआएका धुनहरू* दुःखान्तक हुन् भने *उपहार* सुखान्तक वा संयोगान्त नाटक हो । शशीका रेडियो र टेलिनाटकहरू पनि संयोगान्त र वियोगान्त दुवै प्रकृतिका देखिन्छन् ।

विवेच्य प्रतिनिधिमूलक नाटकहरूमध्ये *इरा* नाटकमा आत्मिक सुखका अभावमा विघटित बन्न पुगेको दाम्पत्य जीवनको कारुणिक कथा प्रस्तुत छ । *अपमानित आत्मा* नाटकमा पारिवारिक द्वन्द्वका कारण क्षतविक्षत बन्न पुगेको मध्यम वर्गीय पारिवारिक अवस्था चित्रित छ । *संरक्षण* नाटकमा पैसाप्रतिको अतिलोभ र सञ्चय गर्ने तीव्र लालसाको परिणतिस्वरूप दुर्घटित बनेको पारिवारिक जीवनको मार्मिक कथा प्रस्तुत गरिएको छ ।*इरा* र *अपमानित आत्मा* पूर्ण दुःखान्तक छन् भने संरक्षण चाहिँ पूर्ण दुःखान्तक वा शोकान्त नभए पनि करुण रसले भरिएको र वियोगान्तीय प्रभाव दिन सक्ने परिधीय दुःखान्तकको कोटिमा पर्ने नाटकका रूपमा देखिन्छ । *बाँसुरीमा नअटाएका धुनहरू* पूर्ण दुःखान्तक रचना हो । यसमा शोषक र शोषित वर्गका बीचका द्वन्द्वका कारण एकपछि अर्को दुःखद अवस्थाको सिकार हुँदै कारुणिक मृत्युवरण गर्न बाध्य बनेको एउटा किसान परिवारको कथाव्यथा प्रस्तुत छ ।*उपहार* पूर्ण संयोगान्त प्रकृतिको नाटक हो । लोग्ने र स्वास्नीका बीचको वैमनस्यपूर्ण व्यवहारका कारण निकै जटिल र दुःखद परिस्थितिबाट गुज्रिएको पारिवारिक सम्बन्ध नाटकका अन्त्यमा सुखद अवस्था प्राप्त गरेको देखिन्छ । यसरी नाट्यस्वरूपगत वैशिष्ट्यका दृष्टिले शशीका नाटकहरू विविध प्रकृतिका देखिन्छन् ।

**घ. प्रविधिमैत्री नाट्य लेखन** : प्रविधिमैत्री नाट्य लेखन शशीका नाट्य लेखनमा पाइने उल्लेख्य वैशिष्ट्य हो । एउटै नाटकलाई रेडियो नाटक, टेलिनाटक र मञ्चीय नाटकको स्वरूप प्रदान गर्न सक्ने सामर्थ्य शशीको नाट्य प्रविधिगत प्रवृत्ति हो । विशेष गरेर नेपाल टेलिभिजनको स्थापना भएपछि शशी सिरियल नाटकका क्षेत्रमा सक्रिय देखिएका छन् । उनको सक्रियता सिनेनाटकसम्म विस्तारित भएको छ । उनका सबै नाटकहरू टेलिभिजनबाट प्रसारित छन् । *बुद्ध* सिने नाटक हो ।

**ङ.रङ्गमञ्चीय विधानप्रति सचेतता :**वासु शशी रङ्गमञ्चीय विधानप्रति अत्यन्तै सचेत नाटककार हुन् । उनले आफ्ना सबै नाटकहरूमा रङ्गमञ्चप्रतिको सचेततालाई निकै महत्त्वका साथ लिएको देखिन्छ । उनले मञ्चनलाई नै प्रयोजनको केन्द्रविन्दु मानेर नाटक रचना गरेका छन् । शशीले नाट्यवस्तुलाई अङ्कमा मात्र विभाजन गर्ने तथा दृश्यमा मात्र विभाजन गर्ने दुई प्रकृतिको पद्धति उपयोग गरेको देखिन्छ ।

शशीका अङ्कमा मात्र विभाजित नाटकहरू तीनदेखि आठ अङ्कमा संरचित छन् । *इरा, अपमानित आत्मा, संरक्षण र बाँसुरीमा नअटाएका धुनहरू*जम्मा तीन अङ्कमा विभाजित छन् । अङ्कअन्तर्गत दृश्यविधानको व्यवस्था यी कुनै नाटकमा देखिँदैन । उपहार नौ दृश्यमा संरचित देखिन्छ भने साँचोको झुप्पा पाँच दृश्यमा विभाजित छ । यी दुवै नाटकमा दृश्यलाई नै अङ्कका रूपमा उपयोग

गरिएको छ । शशीका प्रविधिमैत्री नाटकहरू दृश्यमा मात्र विभाजित देखिन्छन् । रेडियो नाटक, टेलिनाटक र सिने नाटकमा दृश्यभित्र विभिन्न उपदृश्यको संयोजन गरिएको छ । यस्ता नाटकहरू पाँचदेखि सतसट्ठी दृश्यमा विभाजित देखिन्छन् । शशीले आफ्ना पूर्णाङ्की नाटकमा मञ्चनका लागि सजिलो होस् भन्ने ध्येयले अङ्क र दृश्यसङ्ख्या कम राख्ने सचेतता अपनाएका छन् । यसरी नाटकको बाह्य संरचनाप्रति उनी अत्यन्तै सचेत नाट्यशिल्पीका रूपमा देखिएका छन् ।

नाटकीय अन्तर्वस्तुको संयोजन र सङ्गठनमा पनि वासु शशी सचेत र जागरुक स्रष्टा देखिएका छन् । यिनका नाटकमा प्रायः छोटो अवधिका र सीमित ठाउँका घटनाहरूको उपयोग गरिएको छ । यही वैशिष्ट्यका कारण यिनका नाटकहरूमा स्थानान्विति र समयान्वितिको सबल र प्रभावकारी प्रयोग पाइन्छ । उनका नाटकहरूमा पात्रगत मानसिक द्वन्द्वका प्रबलताहरू समुचित ढङ्गबाट विकास पनि भएका छन् । पात्रको हृदय परिवर्तनमा देखिने स्वाभाविकता शशीका नाटकको उल्लेख्य पक्ष हो । उनका कुनै पनि नाटकमा अस्वाभाविक र अविश्वसनीय लाग्ने घटनाको प्रयोग छैन र पात्रगत हृदय परिवर्तनमा पनि स्वाभाविकता र विश्वसनीयताको सुन्दर प्रयोग पाइन्छ । कथाबन्ध वा अन्तर्वस्तुको सङ्गठनका दृष्टिले वासु शशीको नाट्यशिल्प निकै सबल देखिन्छ

**च. संवादमा पात्रको स्तर र प्रसङ्गअनुरूपको भाषिक प्रयोग :** नाटकीय संवादको आधार भाषा हो । नाटकमा पात्रको स्तर र प्रसङ्गअनुरूपको भाषाको प्रयोग अपेक्षित हुन्छ । वासु शशीका नाटकहरूमा पूर्णतः गद्य भाषाको प्रयोग गरिएको छ । सामान्यतः बोलचालको स्वाभाविक र सरल भाषिक स्वरूप शशीका नाटकमा प्रयुक्त छ, यद्यपि पात्रअनुकूल कतै स्तरीय र कतै तार्किक पूर्ण शैलीको पनि उपयोग गरिएको छ । गद्यस्वरूपको भाषामा कतिपय ठाउँमा काव्यात्मक अभिव्यक्तिलाई पनि शशीले अवलम्बन गरेका छन् । पात्रहरूको उपस्थिति र उनीहरूको विषय प्रसङ्गअनुसार एकआपसमा कुराकानी हुँदा वर्णनात्मक, विश्लेषणात्मक र निर्देशनात्मक शैलीको पनि प्रयोग गरिएको छ । शशीका नाटकमा शिक्षित, मध्यम वर्गीय नेपालीभाषी पात्रले प्रायः स्तरीय कथ्य भाषाको प्रयोग गरेको देखिन्छ भने उक्त भाषिक प्रयोगमा सूक्तिमयता र वाग्धारागत सौन्दर्यको मिठास पनि पाइन्छ ।

तत्सम, तद्भव, आगन्तुक र नेपाली भाषाका मौलिक शब्दको प्रयोग गर्नु शशीको शैलीशिल्पगत विशेषता हो । यी विविध प्रकृतिका शब्दलाई अत्यन्त सहज र स्वाभाविक रूपमा प्रयोग गर्न सक्ने खुबी शशीका नाटकमा देखिएको छ ।

मध्यमवर्गीय शिक्षित र सुसंस्कृत पात्रहरूले प्रयोग गर्ने अभिव्यक्ति शैली र विषयवस्तुको प्रतिपादनमा देखिने स्तरीयता शशीका नाटकमा देखिने सर्वाधिक महत्त्वपूर्ण पक्ष हो । उनले प्रतीकात्मक, प्रभावशाली र तीव्र अनुभूतिलाई सहजै व्यक्त गर्न सक्ने भाषिक अभिव्यक्तिलाई आफ्ना नाटकमा उपयोग गरेका छन् । निकै प्रभावकारी, सटीक र अर्थपूर्ण रूपमा देखा पर्ने शशीका संवादको भाषा शैली लालित्यपूर्ण र सुबोध्य प्रकृतिको छ । भाषिक सरलता र साधारण शब्दावलीको प्रयोगद्वारा मनको संवेदनालाई सङ्लो भाव एवम् भाषामा उतार्न सक्नु शशीका नाटकहरूमा पाइने भाषाशैलीगत वैशिष्ट्य हो ।

**छ. उपयुक्त रङ्गमञ्चीय निर्देशन :** नाटकमा अभिनय सम्बन्धी सामान्य निर्देशन गर्ने प्रवृत्ति प्रायः सबै नाटककारहरूका नाट्यशिल्पमा पाइन्छ । वासु शशीले पनि आफ्ना नाटकमा आवश्यकताअनुसार अभिनय सम्बन्धी रङ्गनिर्देशन गर्ने प्रवृत्ति अवलम्बन गरेको देखिन्छ । दृश्यवर्णन र प्रकाश वर्णनलाई पनि आवश्यकताअनुसार निर्देश गर्ने प्रवृत्ति शशीका नाटकमा पाइएको छ । उनले कतिपय नाटकका आरम्भमै पात्र परिचय दिएका छन् भने केही नाटकमा चाहिँ प्रत्येक अङ्क वा दृश्यका आरम्भमा पात्र नाम दिएका छन् । पात्रको नाममात्र उल्लेख छ तर पात्रगत सम्बन्धको उल्लेख कुनै नाटकमा गरिएको छैन । शशीले पात्रको उमेर, रूप, रङ्ग, कद, आकार, प्रकार, शृङ्गार, वस्त्र, आभूषणजस्ता पात्र परिचयसँग सम्बन्धित कुराहरूको अत्यन्तै नगण्य प्रयोग गरेको देखिन्छ । दृश्यवर्णनमा दृश्यको देश, काल र वातावरणलाई शशीले निकै सचेततापूर्वक उपयोग गरेका छन् । प्रकाश वर्णनका दृष्टिले शशीको संरक्षण नाटक एउटा विशिष्ट कृति देखिन्छ । अत्याधुनिक प्रकृतिको रङ्गमञ्चविधान गरिएका यस नाटकमा प्रकाश वर्णनको भव्यता पनि वैचित्र्यपूर्ण छ । अन्य नाटकमा चाहिँ सामान्य र परम्परित प्रकृतिकै प्रकाश वर्णनको उपयोग गरिएको छ । कायिक, वाचिक, मानसिक अभिनयसँग सम्बन्धित शारीरिक चेष्टा र हाउभाउलाई यथास्थानमा कोष्ठभित्र निर्देशन गर्ने पद्धतिप्रति नाटककार शशी निकै सचेत देखिन्छन् । शशीका यस्ता सचेतताले नाट्याभिनयकर्मीहरूलाई अभिनयमा निकै सहजता र सरलता मिलेको देखिन्छ । समग्रमा भन्दा वासु शशीले अवलम्बन गरेको रङ्गानिर्देशनगत सचेतता आधुनिक यथार्थवादी नाटकको निकट रहेको देखिन्छ ।

**ज. युगबोधजन्य संवेदना :** कुनै पनि नाटककारले आफ्ना रचनामार्फत कुनै न कुनै वैचारिकता प्रकट गर्न चाहेको हुन्छ । सामाजिक चित्रको प्रदर्शन गर्ने लेखकीय उद्देश्यभित्र उसको जीवनदृष्टि पनि उतिकै महत्त्वका साथ प्रस्तुत भएको हुन्छ । वासु शशीका नाटक पनि कुनै निश्चित उद्देश्यका

परिपूर्तिका लागि लेखिएका छन् र तिनमा युगीन सामाजिक जीवनका विभिन्न पक्षमाथि विहङ्गम दृष्टि प्रस्तुत गरिएको छ। सामाजिक वस्तुस्थितिको यथार्थ चित्रण गर्नुका साथै समाजलाई उचित मार्ग निर्देशन गर्ने ध्येयका साथ लेखिएका वासु शशीका नाटकमा युगबोधजन्य संवेदनाको प्रस्तुतीकरण गरिएको छ।

वासु शशीका सामाजिक नाटकहरूले विशेषतः विविध सामाजिक पक्षको यथार्थपरक चित्रण गरी युगीन जीवनका विकृत एवम् विसङ्गत अवस्थाका सुधारका लागि उपयोगी मार्गनिर्देशन गरेका छन्। *इरा* नाटकमा धन र मनका बीचका द्वन्द्वका कारण विघटित बनेको दाम्पत्य जीवनको मार्मिक चित्र प्रस्तुत गर्दै पारिवारिक सुख र सन्तोषका लागि भौतिक सुख सुविधाभन्दा आत्मिक स्नेह र सामीप्य अपरिहार्य रहेको देखाइएको छ। *अपमानित आत्मा* नाटकमा परिवारका सदस्यहरूबीच आपसी सद्भाव, सम्मान र सहयोगको भावना नभए हरेक सदस्यले एक अर्काबाट अपमानित भएर बाँच्नुपर्ने परिस्थिति उत्पन्न हुने सङ्केत गर्दै पारिवारिक सुखका लागि सम्मानपूर्ण र सहयोगी सम्बन्ध हुनु पर्ने सन्देश दिएका छन्। संरक्षण नाटकमा समाजमा बढ्दै गएका हत्या, हिंसा, बलात्कार, भोगविलास, बेइमानी जस्ता विकृत पक्षहरूप्रति सामाजिक सचेतना जगाउँदै पैसामुखी चरित्रका कारण सामाजिक र पारिवारिक जीवनमा मानवीय महत्ता र नैतिकता विघटित हुन थालेकाले यसतर्फ समयमै सचेत बन्नु पर्ने सन्देश दिइएको छ।बाँसुरीमा नअटाएका धुनहरू नाटकमा नाटककारले वर्गीय विभेदका कारण एउटा गरिब परिवारका जीवनमा सिर्जना हुने सङ्कटको मार्मिक चित्रण गरेका छन् र वर्गीय समस्याबाट समाज आक्रान्त रहुन्जेल श्रमिक किसान वर्गको जीवनस्तरमा सुधार हुन नसक्ने तथ्यप्रति सचेत गराएका छन्। उपहार नाटकमा आफ्ना मौलिक संस्कार एवम् संस्कृतिजन्य गुणहरू पुरानो पुस्ताले नयाँ पुस्तामा इमानदारीपूर्वक हस्तान्तरण गर्नु पर्ने अन्यथा आयातित संस्कृतिका संक्रामक रोगबाट आफ्नो संस्कृतिलाई जोगाउन नसकिने पाठ पढाएका छन्। साँचोको झुप्पा नाटकमा मूलतः पारिवारिक जीवनमा आइलाग्ने समस्या प्रस्तुत गरी तिनको समाधानका लागि आदर्शवादी चारित्रिक वैशिष्ट्यसहितको जीवनमार्ग अवलम्बन गर्नु पर्ने दृष्टिचेत पाइएको छ।

वासु शाशी सामाजिक यथार्थवाद र मनोविश्लेषणात्मक यथार्थवादबाट अनुप्राणित बन्दै समस्यामूलक यथार्थवादी नाटक लेख्ने नाटककार हुन्। कथ्य र शिल्पका दृष्टिले यिनको नाट्यकारिता मनोविश्लोषणात्मक यथार्थवादका निकट देखिन्छ भने समस्यामूलकता त्यसको मेरुदण्डका रूपमा प्रस्तुत छ। वैचारिकताका दृष्टिले शशीको नाट्यकारिता आदर्शवादका बढी निकट देखिन्छ।

गोपालप्रसाद रिमालको समस्यामूलक सामाजिक यथार्थवादी नाट्यशैली र विजय मल्लको मनोविश्लेषणात्मक यथार्थवादी नाट्यशैलीको समन्वित प्रयोगबाट शशीको नाट्यस्वरूप निर्मित छ। उनले सामाजिक, पारिवारिक जीवनका विविध प्रवृत्तिलाई समेटेर समकालीन बौद्धिक चेतनालाई सुहाउने प्रकृतिका नाट्यरचना गरेका छन्। आफ्ना नाट्यरचनामार्फत् आध्यात्मिक, नैतिक एवम् सुधारवादी जीवनचेत प्रकट गरेको देखिन्छ। शशीका नाटकमा नेपाली जीवन र नेपाली परिवेश प्रतिबिम्बित देखिन्छ। उनको नाट्यलेखन पारिवारिक जीवनका नगण्य तर अति महत्त्वपूर्ण संवेदनशील पक्षतिर आकृष्ट देखिन्छ। वस्तुको बहुलता र रोचकताभन्दा पनि मानवीय चारित्रिक मानसिक जटिलताभित्रको टिठ लाग्दो अंश प्रस्तुत गर्ने प्रवृत्ति र शैली अवलम्बन गर्ने प्रवृत्ति शशीका नाट्यकारितामा पाइन्छ। उनको नाट्यशैली मूलतः समस्यामूलक आधुनिक यथार्थवादी नाटकका जनक इब्सेनका नाट्यमान्यतासम्बन्धी मार्गदर्शक सिद्धान्तबाट अनुप्राणित छ। घटनालाई भन्दा चरित्रका मानसिक अन्तर्द्वन्द्वलाई महत्त्व दिने, अभिनयगत सरलताका लागि यथासम्भव छोटो घटना लिने, स्थानपरिवर्तन ज्यादै कम गर्ने वा गर्दै नगर्ने र कम पात्रको प्रयोग गर्ने शशीको नाट्यकारिता इब्सेनेली नाट्यमान्यताका निकट रहेको छ। कथानक, चरित्र र संवादको अभिन्नता शशीका नाटकमा देखिन्छ। प्रतीक प्रयोगका माध्यमबाट विशेष अर्थ अभिव्यञ्जित गर्ने व्यञ्जनाधर्मी नाटक लेखन इब्सेनेली नाट्यशैलीको उल्लेख्य विशेषता र सौन्दर्य हो। यो वैशिष्ट्य शशीका नाटकमा पनि देखिन्छ। मुखपात्रका माध्यमबाट आफ्नो दृष्टिचेत प्रकट गर्ने, सुधारमुखी र परिवर्तनमुखी स्वर सम्प्रेषण गर्ने प्रकृति पनि शशीका नाटकको वैशिष्ट्य हो। शशीले मूलतः पुराना र नयाँ पुस्ताका स्त्री र पुरुषको, मातृत्व र पत्नीत्वको, परम्परा र व्यक्तिको, मजदुर र पूँजीपतिका भावना र विचारका द्वन्द्व वा सङ्घर्षलाई प्रदर्शित गरेका छन्। शशीका नाटकमा देखिने यी विविध सूचना र साक्ष्यबाट वासु शशीले अवलम्बन गरेको नाट्यशैली समस्यामूलक सामाजिक यथार्थवादी नाट्यधारासँग सम्बन्धित रहेको छ र यो इब्सेनको नाट्यमान्यताबाट अनुप्राणित छ। नेपाली नाटक परम्परामा उनी गोपालप्रसाद रिमाल र विजय मल्लका सिर्जनपथमा क्रियाशील स्रष्टा देखिन्छन्। रिमालको समस्यामूलकता र मल्लको मनोविश्लेषणमूलक नाट्यशैलीका समन्वयात्मक प्रयोगका कुशल शिल्पीका रूपमा वासु शशीलाई लिन सकिन्छ।

**झ. सामाजिक यथार्थवाद :** नेपाली नाट्यसाहित्यमा आदर्शवादी बालकृष्ण सम र भीमनिधि तिवारीपछि रिमालले इब्सेनका प्रभावमा सामाजिक यथार्थवादी नाटकको प्रवर्तन गरेका हुन्। शशीका

नाटकहरूमध्येमा इरा नाटकमा पतिका वियोगबाट पीडित पत्नीले मृत्युवरण गरेको तथा पत्नीमृत्युका पीडामा पतिको पनि मृत्यु भएको, अपमानित आत्मा नाटकमा पारिवारिक जीवनमा ईर्ष्या, घमन्ड, लोभलालच, अनुशासनशीनता र अनैतिकता बढ्दै जाँदा नयाँ पुस्ताबाट पुरानो पुस्ताले अपमानित भई जीवन बाँच्नुपरेको तथा नयाँ पुस्तामा पारिवारिक आदर्श, त्याग र समर्पणको भावना विकास हुन नसक्दा परिवार नै लथालिङ्ग भई दुर्घटित बन्न पुगेको युगीन यथार्थलाई सङ्केत गरिएको छ । यसै गरी *संरक्षण* नाटकमा पनि धनसम्पत्तिका संरक्षणका लागि नाजायज काम गर्ने व्यापारी प्रवृत्तिको चित्रण गरिएको छ । यस्तै *बाँसुरीमा नअटाएका धुनहरू* नाटकमा आसलालका माध्यमबाट निम्नवर्गीय सुखदुःखात्मक अवस्थाको चित्रण पाइन्छ । *उपहार* नाटकमा छोराका जन्मदिनमा कुनै भौतिक वस्तु उपहार दिन नसके पनि भावनात्मक प्रेम दिइएको छ । उनका नाटकमा परिवर्तनका लागि विद्रोह र समाधानको आग्रह पाइँदैन । यसरी नेपाली समाजका विषयवस्तुलाई सत्यका रूपमा कथ्य बनाइएको हुँदा शशी सामाजिक यथार्थवादी नाटककार देखिन्छन् ।

**ट. पूर्वीय दर्शनको प्रभाव :** वासु शशी दार्शनिक प्रकृतिका नाटककार देखिन्छन् तर बालकृष्ण समभन्दा यिनको दार्शनिक प्रभाव पूर्वीय दर्शनप्रति बढी देखिन्छ । समले पूर्वीय अध्यात्मवादी र भौतिकवादी दुवै दर्शनको समन्वयमा जोड दिएका छन् भने शशीमा पूर्वीय दर्शनका धरातलमा नाटकको निर्माण पाइन्छ । यसको एउटा राम्रो उदाहरण *इरा* नाटक हो । इच्छाले कर्मको कारण उत्पन्न हुन्छ । कर्मका त्याग र कारणका विनाशले मात्र आत्मिक सुखको प्राप्ति हुन सक्छ भन्ने औपनिषदिक जीवनदृष्टिको अभिव्यक्ति यस नाटकमा पाइन्छ । दर्शन र जीवन अलग अलग वस्तु हुन् । जीवनमा उपयोगी हुने दर्शनको मात्र पालना गर्नुपर्छ । अनुपयोगी जीवनदर्शनलाई व्यवहारमा उतार्न खोज्दा जीवन नै दुर्घटित बन्न पुग्छ भन्ने जीवनचेतनालाई पनि यस नाटकले प्रस्ट्याएको छ । यसै गरी जन्म र मृत्युका शाश्वतता बुझेर कसैका मृत्युमा शोक नगरी जीवनमा कर्मवाद लागु गर्नुपर्ने गीतादर्शनको प्रभाव पनि इरा नाटकमा पाइन्छ ।

**निष्कर्ष**

नाटककार वासु शशीका नाटकहरूमा विशेषतः पारिवारिक सामाजिक जीवनका समस्या, सज्जन र दुर्जनदुवै किसिमका मध्यम र निम्न वर्गीय पात्रहरूको प्रयोग, दृश्यविधानलाई प्रधानता दिनाले उपयुक्त प्रविधिमूलक रङ्मञ्चीय निर्देशनका कारण पठनका लागि भन्दा मञ्चनका लागि ध्यान दिइएर लेखिएको बुझिन्छ । यसकारण टेलिनाटक र सिने नाट्य लेखन उनको मौलिक पक्ष देखिन्छ । त्यसैले

उनका नाटकहरूका आयाम छोटा छोटा छन् । विषयवस्तुका दृष्टिले शशीका नाटकहरू सामाजिक र ऐतिहासिक प्रकृतिका छन् । सीमित पात्र र सीमित परिवेश, छोटा छरिता र व्यञ्जनात्मक संवाद, अभिनेयता, दृश्यविधानको निर्देशन, विशेषतः आन्तरिक द्वन्द्वविधान र परम्पराभन्दा भिन्न जीवनदृष्टि उनका नाटकहरूमा पाइन्छन् । यिनी प्रमुख कारणले शशीको नाट्यकारिता सम, तिवारी, रिमाल र मल्लद्वयभन्दा मौलिक देखिन्छ ।

**सन्दर्भसामग्री सूची**


उपाध्याय, केशवप्रसाद (२०६१), *नेपाली नाटक र नाटककार,* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६८), वासु शशीका नाटक, प्रद्युम्न जोशी (सम्पा), *स्रष्टाका दृष्टिमा वासु शशी,* (पृ.६-८), वासु शशी स्मृति परिषद् ।

न्यौपाने, सुभाषचन्द्र (२०७०), *नेपाली नाटक र चलचित्र सिद्धान्त,* एनबिडी प्रकाशन ।

पौडेल, द्रोणकुमार (२०५१), समीक्षात्मक दृष्टिमा वासु शशीको नाटक, *गरिमा,* १२(५),पृ. ३०१–३११ ।

बराल, हिमालय (२०६८), *वासु शशीका रेडियो नाटक र टेलिनाटकको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

भण्डारी, कैलाश (२०५१), उपहार नाटकको सम्बन्धमा, *उपहार,* सुगन्ध प्रकाशन ।

भण्डारी, कैलाश र जोशी, प्रद्युम्न (सम्पा.), (२०६१), *वासु शशीका नाटक,* साझा प्रकाशन ।

भण्डारी, कैलाश (२०६८), अमर साहित्यकार वाशु शशी,प्रद्युम्न जोशी (सम्पा.), *स्रष्टाका दृष्टिमा वासु शशी,* (पृ. ९- ११), वासु शशी स्मृति परिषद् ।

रिजाल, कलीप्रसाद (२०६८), सम्पादकीय, प्रद्युम्न जोशी (सम्पा.), *स्रष्टाका दृष्टिमा वासु शशी,* वासु शशी स्मृति परिषद् ।

शशी, वासु (२०२४), *तीन नाटक,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शशी, वासु (२०४२), *बाँसुरीमा नअटाएका धुनहरू,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शशी, वासु (२०५१), *उपहार,* सुगन्ध प्रकाशन ।

शशी, वासु (२०६६), *बुद्ध,* वासु शशी स्मृति परिषद् ।

शशी, वासु (२०६९), *साँचोको झुप्पा,* वासु शशी स्मृति परिषद् ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०४९), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* साझा प्रकाशन ।